**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः ०६ नवम्बर २०२५**

**समयः १८:५० - १९:०० बजे**

**<u>मुख्य समाचार</u>**

१. बिहार विधानसभा चुनावको पहिलो चरणको मतदान शान्तिपूर्ण रूपमा सम्पन्न, साँझ 5 बजेसम्ममा 60% भन्दा अधिक मतदान भएको छ।

२. प्रधानमंत्री नरेन्द्र मोदीले भोली नयाँ दिल्लीमा राष्ट्र गीत 'वंदे मातरम'को 150 वर्ष पूरा भएको अवसरमा एक वर्षको स्मृति उत्सवको उद्घाटन गर्नुहुनेछ।

३. मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यमा बाल-बालिकाहरूको विशेष चिकित्सा सेवाको क्षेत्रमा पश्चिम बंगालले उल्लेखनीय सफलता हासिल गरेको बताउनु भएको छ।

४. पश्चिम बंगालमा निर्वाचन आयोगले SIR मा लापरवाही र नियम उल्लङ्घन गर्ने (BLO) विरुद्ध कडा कारबाही गरिने स्पष्ट पारेको छ।

५. जीटीएका प्रमुख कार्यपाल अनित थापाले रंगबुल निम्न बुनियादी पाठशाला भवन अनि रंगबुल खेल मैदानमा निर्माण गरिएको पेभिलियनको उदघाटन गर्नुभयो।

**<u>बिहार</u>**

बिहार विधानसभा चुनावको पहिलो चरणको मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भयो। यस चरणमा 18 जिल्लाका 121 निवार्चव क्षेत्रहरूमा मतदान भयो।साँझ 5 बजेसम्ममा 60% भन्दा बढी मतदान भएको रिपोर्ट प्राप्त भएको छ।यस चरणमा नीतिश कुमार कैबिनेटका 16 मन्त्रीहरू लगायत बीजेपी नेताहरू तथा उपमुख्यमन्त्री सम्राट चौधरी र विजय कुमार सिन्हा, साथै कैयन प्रमुख नेताहरूको राजनीतिक भविष्यको फैसला हुनेछ।आरजेडी नेता एवं महागठबंधनका मुख्यमंत्री पदका उम्मीदवार तेजस्वी प्रसाद यादव पनि मैदानमा छन् ।

**<u>वन्दे मातरमक 150 वार्षिकोत्सव</u>**

देशले राष्ट्रिय गीत वन्दे मातरमको 150 औं वार्षिकोत्सव मनाईरहेको छ, यो एउटा यस्तो गीत हो जसले कैयन पुस्तालाई एकजुट हुन, अगाडि बढ्न र राष्ट्रको भावनाको उत्सव मनाउन प्रेरित गरेको छ। **प्रधानमन्त्री नरेन्द्र मोदीले मन की बात कार्यक्रममा भन्नुभएको थियो यदि देशभक्ति शब्दभन्दा माथिको एक भावना हो भने, वन्दे मातरम त्यो भावनालाई मूर्त रूप दिने गीत हो।**

**<u>'वंदे मातरम 150 वर्ष</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले भोली नयाँ दिल्लीमा राष्ट्र गीत 'वंदे मातरम'को 150 वर्ष पूरा भएको अवसरमा एक वर्षको स्मृति उत्सवको उद्घाटन गर्नुहुनेछ। संस्कृति मंत्रालयले भोली देखि आगमी वर्ष 7 नवंबर सम्म चल्ने राष्ट्रव्यापी कार्यक्रमको आयोजन गरिरहेको छ। केंद्रीय मंत्रिमंडलले एक अक्टूबरको दिन यी समारोहहरुलाई मंजूरी दिईएको थियो।

**मुख्यमन्त्री**

मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यमा बाल-बालिकाहरूको विशेष चिकित्सा सेवाको क्षेत्रमा पश्चिम बंगालले उल्लेखनीय सफलता हासिल गरेको दाबी गर्नुभयो। एक सोशल मीडिया पोस्ट गर्दै मुख्यमन्त्रीले राज्य सरकार बाल-बालिकाहरूलाई सर्वोत्तम स्वास्थ्य सुविधा दिनको लागि निरन्तर प्रतिबद्ध रहेको बताउनु भयो। मुख्यमन्त्रीले भन्नुभयो, वर्ष 2013-मा शुरू गरिएको 'शिशु साथी' परियोजना यस दिशामा एक प्रभावी पहल हो। अहिलेसम्ममा लगभग 3 सय करोड़ रुपियाँको व्ययले 63 हजारभन्दा अधिक बाल-बालिकाहरूलाई जन्मजात हृदय रोग, काटिएको ओठ/तालु, दोष जस्ता समस्याहरूको लागि निःशुल्क उपचार प्रदान गरिसकिएको छ ताकि कुनै पनि बाल-बालिका उपचारदेखि वञ्चित नरहोस्।

**SIR BLO**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (SIR) अभियानको पहिलो चरणको क्रममा बुथ लेवल अफिसर (BLO) ले तेस्रो पक्षहरू मार्फत एन्यूमरेशन फॉर्म वितरण गरेको गुनासो आएपछि निर्वाचन आयोगले कडा अडान लिएको छ।

**निर्वाचन आयोगले यस्तो लापरवाही र नियम उल्लङ्घन गर्ने विरुद्ध कडा कारबाही गरिने स्पष्ट पारेको छ।मुख्य निर्वाचन अधिकारी कार्यालयका एक अधिकारी अनुसार, केही मामिलामा बीएलओका आफन्तहरूले फारामहरू वितरण गरेको भेट्टाईको छ, जसको संबंध स्थानीय राजनीतिक गतिविधिहरूसित जोडिएका छन्।सूत्रहरूले बताए अनुसार यस्ता धेरै अन्य मामिलाहरु बारे गुनासोहरू प्राप्त भएका छन् र जाँच भइरहेको छ। यो पनि प्रकाशमा आएको छ कि केही BLO हरू घर-घर जानुको सट्टा एउटै स्थानमा बसेर मतदाताहरूलाई फाराम लिन आउन भनिरहेका छन्, जुन आयोगको दिशा-निर्देश विरुद्ध छ।यसबारे पनि मुख्य निर्वाचन अधिकारी कार्यालयले बीएलओलाई चेतावनी जारी गरेको छ।यो ज्ञात रहोस राज्यमा SIR प्रक्रिया 4 नोभेम्बरबाट सुरु भएको छ र मार्च 2026 सम्ममा पूरा हुने छ।**

**एन्यूमरेशन फारम अनलाइन**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (SIR) अभियान अन्तर्गत, एन्यूमरेशन फारम अब अनलाइन पनि उपलब्ध हुनेछन्।आज बिहानदेखि मतदाताहरूले निर्वाचन आयोगको आधिकारिक वेबसाइट र मोबाइल एपको माध्यमले फारम डाउनलोड गरी भर्न सुरु गरेका छन्

यसले ती मानिसहरुले राहत पाउनेछन जो बुथ लेभल अधिकारी (BLO)सित सोझो फारम प्राप्त गर्न असमर्थ छन्, विशेष गरी नौकरी वा अन्य कारणले राज्य बाहिर बस्ने मतदाताहरूलाई राहत प्रदान गर्नेछ।निर्वाचन आयोग अनुसार अनलाइन फारम पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीको वेबसाइट मार्फत सम्भव हुनेछ।

यस बाहेक, यो सुविधा आयोगको मोबाइल एप "ECINET" मा उपलब्ध छ। प्राविधिक गडबडीका कारण यो सुविधा मंगलबार उपलब्ध थिएन, तर फारम आज देखि अनलाइन उपलब्ध छ।

**(एसआईआर)**

पश्चिम बङ्गाल राज्य भरी चार नोभेम्बर देखि एसआईआर माथि कार्य शुरु भएको छ। यसै क्रममा रंगली रंगलीयट खंड एवं तक्लिंग-पेशोक समष्टि क्षेत्रका बुथहरुमा पानी बीएलओहरु द्वारा घर घर गएर मतदाताहरुलाई फार्म वितरण गरिरहेका छन। चुनाव आयोग द्वारा शुरु गरिएको स्पेसियल इन्टेन्सिभ रिभिजन अर्थात (एसआईआर) देशका बाह्रवटा राज्यहरुमा शुरु गरिएको थियो जसमा पश्चिम बङ्गाल पनि पर्दछ। खरासांग विधान सभा अधिनस्थ पर्ने तक्लिंग-पेशोक समष्टि क्षेत्रका गावँहरुको घर घर पुगेर एस आर आई बारे जानकारी गराउदै फारम वितरण गरिरहेको छ

**रंगबुल**

रंगबुल निम्न बुनियादी पाठशाला भवन अनि रंगबुल खेल मैदानमा निर्माण गरिएको पेभिलियनको उदघाटन जीटीएका प्रमुख कार्यपाल अनित थापाले गर्नुभयो। उदघाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यपाल अनित थापाले भन्नुभयो ' हामी कम्ती बोल्छौँ तर आफ्नै लयमा काम गरिरहन्छौं। आज त्यही लयमा काम गरे अनुसार रंगबुल निम्न बुनियादी पाठशाला भवन अनि रंगबुल खेल मैदानमा निर्माण गरिएको पेभिलियनको उद्घाटन गरेको छु। हामी कर्मलाई सिद्धान्त मान्नेहरू समाजको उन्नतिको निम्ति गरिएको कार्यलाई आफ्नो उपलब्धि मान्छौँ। यस्ता ससाना कार्यहरूले नै एक दिन ठूलो निर्माण हुनेछ।

'कार्यक्रममा जीटीएका प्रमुख कार्यपाल अनित थापा वाहेक जीटीएका डेपुटी चेयरम्यान एंव क्षेत्रीय सभासद राजेस चौहान, सभासदहरु सतीश पोख्रेल, उदय देवान र प्रमोस्कर ब्लोन, सुखे खण्डको खण्ड विकास अधिकारी, एसआई, एई, ईडी, पञ्चायत समिति सदस्य, पञ्चायत प्रधान, पञ्चायत सदस्यहरु र विभिन्न विद्यालयहरुको शिक्षक शिक्षिकाहरु उपस्थित रहेका थिए।

यसैबीच कार्यक्रममा रंगबुल धोत्रे रंगमुक समष्टिको विभिन्न स्थानहरुमा भईरहेको विकास कार्यहरुको विवरणमाथि बनाइएको वृत्त चित्र प्रदर्शन गरिएको थियो।

**"आशा गाई"**

विगत ४ अक्टोबर २०२५ को विनाशकारी पहिरोले पहाडमा मानवीय सगै पशुधनको पनि व्यापक रूपमा क्षति पुर्याएको छ। उक्त प्राकृतिक प्रकोपको चपेटामा पहाडमा धेरै गाईहरुको अकालमा ज्यान गएको छ। जसको कारण गौपालक किसानहरुले आफ्नो सम्पत्ति गुमाएका छन। यसैलाई केन्द्रित गर्दै जनजीवन पुनःस्थापित गर्ने तथा गौपाल किसानहरुलाई सहयोग गर्ने कदमस्वरूप विकरन फाउन्डेशन दार्जिलिङले, प्राणी सम्पदा विकास विभाग जिटिएको सँगको सहकार्यमा गौ दान प्रकल्प "आशा गाई" परियोजना अन्तर्गत बिजनबारी क्षेत्रका प्रभावित गौपालकहरु गाई वितरण गरिएको छ।

**टर्जम**

पूर्वसैनिक अर्धसैनिक टर्जमद्वारा आयोजित गोल्ड कप फुटबल टुर्नामेन्टको आजको म्याच एके गान्तोकले जितेको छ। गत आईतबारदेखि भईरहेको टर्जम गोल्ड कप फुटबल टुर्नामेन्ट अन्तर्गत आज भएको म्याच एके गान्तोक र मिक्स अप्स बोइस खरसाङमाझ सम्पन्न भएको थियो। जसमा एके गान्तोकले १ को विरुद्ध २ गोल गरेर मिक्स अप्स बोइस खरसाङलाई पराजित गर्दै प्रतियोगिताको अघिल्लो चरणमा प्रवेश गरेको हो।

**बंगलादेशी-नागरिक-पक्राउ**

बागडोगराको बेंगडुबी आर्मी क्याम्पबाट एकजना बंगलादेशी नागरिकलाई पक्राउ गरिएको छ। पक्रा पर्ने व्यक्तिको भारतीय पहिचान पत्र अनुसार उ जलपाईगुड़ीको बासिन्दा हो, तर वास्तवमा उ बंगलादेशको मुन्शीगञ्ज निवासी रहेको थाहा लागेको छ। सूत्र अनुसार आरोपी बेंगडुपी आर्मी क्याम्प क्षेत्रमा भइरहेको निर्माण कार्यमा सुपरभाइजरको रूपमा काम गरिरहेको थियो। यसै क्रममा हिजो आर्मी क्याम्पमा प्रवेश गर्दै गर्दा आरोपीले भूलवश मोबाइलबाट आफ्नो बंगलादेशी पहिचान पत्र देखायो। त्यसपछि सेनाले उसलाई पक्राउ गर्‍यो।

****** ० ******

****** ० ******